
# भूमे साप्ताहिक

वर्ष ६ अङ्क १८  २०८१ कार्तिक  २७ आईतबार

## सम्पादकीय

# चिसोबाट बच्न सचेतना अपनाऔं

हिउँदयाम सँगै चिसो निकै बढेको छ। भौगोलिक रुपमा उच्च पहाडी क्षेत्र रहेको हाम्रो भूमे गाउँपालिका मात्रै होइन रुकुम (पूर्व) को जनजीवन नै जाडोयाममा प्रभावित हुने गर्दछ। यस वर्ष पनि कार्तिक लागे सँगै चिसो बढिरहेको छ।

दिउँसो हल्का घाम लागे पनि बिहान बेलुका निकै चिसो बढिरहेको छ। बिहानको समयमा हुस्सु लाग्ने, चिसो खालको सिरेटो चल्ने प्रक्रिया शुरु भइसकेको छ। बिस्तारै पुसदेखि उच्च पहाडी क्षेत्रमा हिमपात हुने गर्दछ। त्यसैले चिसोबाट बच्न न्यानो कपडा लगाउने, आगो ताप्ने, तातो पानी पिउने जस्ता सहजै उपलब्ध हुने कार्य गर्न जरुरी छ।

चिसो मौसममा बालबालिका र ज्येष्ठ नागरिकलाई विशेष स्याहार गर्नुपर्दछ। यस्तो बेला रुघाखोकी, निमोनिया, दम लगायतका चिसोबाट लाग्ने रोगहरूले छिट्टै आक्रमण गर्ने भएकाले पालिकावासी सबैले सचेतना अपनाउनु हुन हामी विशेष आग्रह गर्दछौं। चिसोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।


प्रकाशक

भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश नेपाल

# तिहारमा बजार अनुगमन :म्याद गुज्रिएका सामाग्री छ्यापछ्याप्ती



❖ साप्ताहिक संवाददाता

रुकुम पूर्वको भूमे गाउँपालिकामा ठूलो मात्रामा म्याद गुज्रिएको सामान बरामद गरिएको छ। कार्तिक ११, १२ र १३ गते भूमे गाउँपालिकाका उपाध्यक्ष सविना बुढा मगरको संयोजकत्वमा बजार अनुगमन टोलीले ठूलो मात्रामा म्याद गुज्रिएको सामान बरामद गरेको हो।

भूमे गाउँपालिकाको ३, ४, ५, ६, ७, ८ र ९ नम्बर वडाहरूमा बजार अनुगमन गर्दा १ लाख ५ हजार ५ सय ५० रुपैयाँ बराबरको सामान बरामद गरिएको भूमे गाउँपालिकाका उपाध्यक्ष तथा बजार अनुगमन समितिका संयोजक सविना बुढा मगरले बताउनुभएको छ।

बजार अनुगमन गर्दा प्रायः म्याद गुज्रिएको सामानहरू भेटिएको, सामानहरूको लेवलिङ नगरिएको, मुल्य सूची नराखेको,व्यवसाय दर्ता तथा नवीकरण नगरेको लगायतका कमीकमजोरीहरू भेटिएको भूमे गाउँपालिकाका प्रशासन इकाई प्रमुख चेतन बुढा मगरले जनाएकारी दिनुभएको छ।

गाउँपालिकाको वडा नम्बर ३ को सिसाघारी,दोमै, मोराबाङ र वडा नम्बर ४ को काँडा र तल्लो साकिम वडा नम्बर ५ को सेराबाङ र उपल्लो साकिम वडा नम्बर ६ को महतमा भेतिएको हो।

यस्तै वडा नम्बर ७ को धर्मशाला र लावाङ वडा नम्बर ८ को कोर्जा र सिमखोला र वडा नम्बर ९ को गैरीगाउँ बजार, लाखर बजार र सिमचौर बजार अनुगमन गर्दा ठूलो मात्रामा सामान बरामद गरिएको छ।

# महतमा लक्ष्मी पुजाको दिन गोरु जुधाउने प्रचलन



❖ **साप्ताहिक संवाददाता**

महत गाउँमा गोरु जुधाई प्रतियोगिता सम्पन्न भएको छ। भूमे गाउँपालिका वडा नम्बर ६ महत गाउँमा हरेक वर्षको लक्ष्मी पूजाको अवसरमा उक्त प्रतियोगिता सञ्चालन गरिन्छ।

गाउँखरदारी समितिको आयोजनमा सञ्चालन गरिएको साँढे गोरु जुधाई प्रतियोगितामा स्थानीय फर्क बहादुर सुनारको साँढे गोरु प्रथम भएको भुमे गाउँपालिका ६ महत गाउँका वर्तमान गाउँ मुखिया भरत बुढाले जानकारी दिनुभयो।

प्रतियोगितामा रुजि सुनारको गोरु द्वितीय र धनप्रसाद बुढाको गोरु तृतीय हुनभएको हो। गाउँका बलिया गोरुको छनोट गरेर यो प्रतियोगिता सञ्चालन गरिएको थियो। प्रतियोगितामा जम्मा १८ वटा साँढे गोरुबीच प्रतिस्पर्धा गराइएको अध्यक्ष बुढाले बताउनुभयो।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्न सफल साँढे गोरुका मालिकलाई क्रमशः ५ हजार, ३५ सय र २५ सय रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको थियो।

वर्षाको सिजनमा लेक तिर उकालिएका साँढे गोरुलाई दशैं तिहारमा गाउँतिर झार्ने र वर्षायाममा कसले गोरुको राम्रो रेखदेख गऱ्यो भनेर थाहा पाउने उद्देश्यका साथ प्रतियोगिता सञ्चालन गर्ने चलन रहेको स्थानीय चेतन बुढा मगरले जानकारी दिनुभयो। प्रतियोगितामा प्रथम हुने साँढे गोरुका मालिकलाई आयोजकले पैसाको माला लगाई बाजा गाजासहित घरसम्म पुऱ्याउने र सोही टिम सहित स्थानीयहरु जम्मा भई नजिकैको चौतारामा गएर नाचगान गर्ने प्रचलन महत गाउँमा मात्रै रहेको छ।

# कृषकहरुलाई आत्मनिर्भर बनाउन बोयर बाख्रा वितरण



❖ साप्ताहिक संवाददाता

नेपाल सर्वाङ्गिन विकास समाजद्धारा भूमे गाउँपालिका वडा नम्बर ३ का चार जना किसानलाई बोयर बाख्रा वितरण गरिएको छ। उन्नत जातका बोयर बाख्राहरु चितवन देखि ल्याएर एक बोका र एक माउ बाख्र एक जना किसानको भागमा पर्ने गरि वितरण गरिएको हो।

बाख्रामा नश्ल सुधार गर्न वडाका ४ जना कृषकहरुलाई ८ वटा बोयर बाख्रा वितरण गरिएको नेपाल सर्वाङ्गिन विकास समाजका कृषि प्राविधिक पूर्ण बहादुर सुनारले बताउनुभएको छ।

कृषि प्राविधिक सुनारका अनुसार कृषकलाई बाख्रा पालनमा आत्मनिर्भर गराउन उदेश्यले २ लाख ८३ हजारको ८ वटा बोयर बाख्रा वितरण गरिएको छ।

**उक्त संस्थाले यस अघि पनि कृषकहरुलाई आत्मनिर्भर बनाउने खालका विभिन्न तालिमहरु संञ्चालन गर्दै आएको सुनारले बताउनुभएको छ।बोयर बाख्रा वितरण कार्यक्रममा भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले व्यावसायिक रूपमा बाख्रापालन गरी आयआर्जनलाई व्यवसायीक रुपमा अघि बढाउन कृषकहरुलाई आग्रह गर्नुभएको छ।**

अध्यक्ष श्रेष्ठले स्थानीय सरकारले किसानलाई कृषिमा आत्मनिर्भर बनाउनका लागि किसानलाई आधुनिकता सँग जोड्न गाउँपालिका सधैं तयार रहेको बताउनुभएको छ।

उहाँले भन्नुभयो "कृषिमा छुट्टै किसिमको क्रान्ति गर्ने सोच राखेर हामिले कृषकहलाई बाख्रा पालनमा आत्मनिर्भर बनाउन आवश्यक पर्ने सुधारिएको खोर, उन्नत जातका घाँसको बिउ आदि कुराहरुमा लागेका छौं।नेपाल सर्वाङ्गिन विकास समाजले कृषकलाई बोयर बाख्रा वितरण गरेर खुसी बनाउँदा हामि पनि उत्साहित भएका छौं।

म सिङ्गो गाउपाँपालिकाको तर्फबाट नेपाल सर्वाङ्गिन विकास समाजलाई धन्यवाद दिन चाहान्छु।"**किसानहरु मेग बहादुर सुनार, भान्देउ रोका, झुल प्रसाद गुरुङ र सत बहादुर सुनारले बोयर बोका र माउ बाख्रा पाउँदा आफुहरु धेरै खुसी भएको बताउनुभएको छ।**बोयर बाख्रा वितरण कार्यक्रममा भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठ, वडा नम्बर ३ का वडाध्यक्ष प्रशुराम बुढा मगर, युवा समाजसेवी चन्द्र रसाईली, पत्रकार लगायत कृषकहरुको उपस्थिति रहेको थियो।







# कालापारको संघर्ष, १० सन्तानमध्ये की छोरी बनिन् उपसचिव

**पहिलोपल्ट लोक सेवामा भिडेको १० वर्षपछि नेपाल सरकारको उपसचिव बनेकी *विमला***

❖ महेश केसी

निजामती कर्मचारीका रूपमा पहिलोपल्ट जिल्ला हुलाक कार्यालय रुकुम पुगेकी विमलाले उपसचिवमा नाम निकालेपछि पहिलो नियुक्ति उपराष्ट्रपतिको कार्यालयमा भयो, सचिव भएर निजामती सेवाको नेतृत्व गर्ने सपना सँगालेकी उनी हाल पाठ्यक्रम विकास केन्द्र सानोठिमीमा कार्यरत छिन्।

रुकुम पूर्व—उच्च शिक्षाका लागि पढाइ खर्च जुटाउन आफैंले पढेको विद्यालयमा करार शिक्षक भएर पढाइरहेकी रुकुम पूर्वकी विमला रोकाले १२ वर्षअघि रहरै–रहरमा खरिदार पदका लागि लोक सेवा आयोगको परीक्षा दिइन्। स्थायी जागिरका लागि पहिलोपल्ट खुलातर्फ लोक सेवामा भिडेकी उनी दोस्रो प्रयासमै सफल भइन्। पहिलोपल्ट लोक सेवामा भिडेको १० वर्षपछि उनी नेपाल सरकारको उपसचिव भइन्। रुकुम पश्चिमको मुसीकोट नगरपालिका–१३ मा जन्मिएर रुकुम पूर्वको भुमे गाउँपालिका–३ मा विवाह गरेकी विमलाले माध्यमिक तहको पढाइ गाउँबाटै सकिन्। कक्षा १२ र स्नातक पढ्न जिल्ला सदरमुकाम मुसीकोट आइन्।

'प्लस टु सकेर ब्याचलर भर्ना भएका बेला गाउँमै पढाउने काम पाएँ। त्यहीबेला पहिलोपल्ट साथीहरूको अनुरोधमा लोक सेवाको फारम भरें,' उनी भन्छिन्,

‘तर त्यो बेला राम्रोसँग फारम भर्न पनि जानेकी थिइनँ, मेरा लागि त लोक सेवाको परीक्षा कुन चरीको नाम हो भन्ने पनि थाहा थिएन।खास तयारीबिनै परीक्षा दिएर एउटा प्रयास मात्र गरियो।’

त्यो पहिलो प्रयास रहरकै लागि मात्रै भए पनि १० वर्षपछि विमलाले दोस्रो पटक पुनः खरिदार पदका लागि फारम भरिन्।‘खुला र समावेशी दुवैतर्फ फारम भरें।परीक्षा पनि दिएँ।अनि दुवैतर्फ नाम पनि निस्कियो,’ उनी सुनाउँछिन्।

लोक सेवाको तयारीका लागि कुनै औपचारिक कक्षा नलिएरै स्वअध्ययनका भरमा दिएको परीक्षामा लिखितको खुला र समावेशी दुवैतर्फ सफल भएको पल सम्झिँदै विमला भन्छिन्, ‘अनि मलाई आमाले ५ हजार रुपैयाँ सापटी खोजेर मौखिक परीक्षा दिन दाङ पठाउनुभयो।’ समावेशीतर्फको मौखिक परीक्षा दिएको केही दिनमै अन्तिम नतिजा विमलाको पक्षमा आयो त्यो सफलता ‘सपना जस्तै लागेको’ बताउँदै उनी भन्छिन्, ‘ख्यालख्यालमै खरिदार भएपछि खुसी सँगै जोस, जाँगर र आत्मविश्वास बढेर आयो।’

निजामती कर्मचारीका रूपमा पहिलोपल्ट जिल्ला हुलाक कार्यालय रुकुममा हाजिर भएकी विमलालाई त्यसपछि अहिलेसम्म पछाडि फर्केर हेर्नुपरेको छैन।

‘त्यसपछि म जागिरसँगै स्नातक सक्नेतर्फ केन्द्रित भएँ।यो बीचमा ३ पटकसम्म नायब सुब्बामा पनि प्रयास गरें तर नियमित पढाइमै फोकस भएकाले नासुका लागि खरो उत्रिन सकिनँ,’ उनी भन्छिन्।स्नातक तहको पढाइ सकेपछि विमलाले निजामती सेवामै रहेका समकक्षी चन्द्रसिंह श्रेष्ठसँग विवाह गरिन्।स्नातक सकिने बित्तिकै २०७२/७३को विज्ञापनमा प्रशासनतर्फ विमला दम्पतीले अधिकृत पदका लागि परीक्षा दिए।

‘हामी दुवै जना सुब्बा थियौं।पहिलो प्रयासमै दुवै जना अधिकृत भयौं,’ उनी भन्छिन्।अधिकृतमा नाम निस्किएर पोस्टिङ भइसकेपछि यसअघि दिएको नायब सुब्बाको लिखित परीक्षाको नतिजा आएको र आफ्नो नाम निस्किएको पनि उनी सम्झिन्छिन्।तर अधिकृत नै भइसकेकाले उता जाने कुरै भएन।२०७३ कात्तिकमा अधिकृतमा नाम निकालेपछि ६ महिने तालिमको अन्तिमतिर विमला रुकुम पूर्वको सिस्ने गाउँपालिका कार्यालयमा र श्रीमान् चन्द्रसिंह भूमे गाउँपालिका कार्यालयमा कार्यकारी अधिकृत (हालको प्रमुख प्रशासकीय अधिकृत) का रूपमा हाजिर भए।

'त्यसपछि मैले करिब ३ वर्ष गाउँपालिकामा र १६ महिना रुकुम पूर्वकै जिल्ला समन्वय समितिमा कार्यालय प्रमुखका रूपमा काम गरें,' विमला भन्छिन्, 'यहीबीचमा छोरा जन्मियो, यसकारण पढाइ प्रभावकारी भएन।रुकुमबाट काठमाडौं सरुवा भएपछि भने मैले पढाइलाई गति दिएँ।'

रुकुम पूर्वबाट काठमाडौंस्थित नेपाल ट्रस्टको कार्यालयमा विमलाले करिब ११ महिना काम गरिन्।यहीबीचमा उपसचिव पदका लागि गरेको पहिलो प्रयास सफल भएन।तर दोस्रोपल्ट २०७९ मा भएको आन्तरिक प्रतिस्पर्धामा विमला सफल भइन्।'आन्तरिकमा खुला प्रतिस्पर्धा मात्रै हुन्छ।हामी जम्मा १७ जनामध्ये म एकमात्र महिला थिएँ, सफल पनि भएँ।'काठमाडौंमा गएपछि एकातिर जागिर र नियमित पढाइ, अर्कोतर्फ छोराको रेखदेख गर्ने क्रममा विमलाले उपसचिवको तयारी पनि गरिन् र सफलता हात पारिन्।'हामी दुवै जना जागिरे, चाहेर पनि सँगै बस्न नमिल्ने।

तर मैले कोसिस जारी राखें, मिहिनेत गरिराखें र सफल पनि भएँ,' संघर्ष र सफलताका दिनहरू सम्झिँदै उनी भन्छिन्, 'हुँदैन, सक्दिनँ र गर्दैन भनेको भए समयले मलाई पर्खिन्थेन। तर मैले भोक–दिनको प्रवाह नगरी पढें, मिहिनेत गरें।'उपसचिव पदमा नाम निकालेपछि विमलाको पहिलो नियुक्ति उपराष्ट्रपतिको कार्यालयमा भयो। त्यहाँ करिब ९ महिना काम गरेपछि हाल उनी पाठ्यक्रम विकास केन्द्र सानोठिमीमा कार्यरत छिन्।उनका श्रीमान् संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा शाखा अधिकृत छन्।

निरन्तरको मिहिनेतपश्चात् सफलताको मार्गमा लम्केकी विमला सामान्य परिवारमा जन्मेकी हुन्।'बाबाले दुई वटा विवाह गर्नुभयो।ठूलीआमाबाट ४ बहिनी छोरी भएपछि हाम्री आमालाई बिहे गर्नुभएको रे,' उनी सुनाउँछिन्, 'कान्छी श्रीमतीतर्फबाट जन्मेका ४ छोरी र दुई छोरामध्ये म चाहिँ तेस्रो सन्तान।' नियमित आम्दानीको स्रोत नभए पनि आफ्नै खेतीबारीमा दिनभरि काम गरेपछि साँझबिहान खान पुग्ने परिवारकी सदस्य थिइन् विमला।तर ठूलो परिवार भएकाले सहज भने थिएन।'बेला–बेलामा बा कालापार (भारत) जानुहुन्थ्यो। उहाँको कमाइ र परिवारका अरू सदस्यको मिहिनेतबाट घर चलेको थियो,' विगत सम्झिँदै उनी भन्छिन्, 'हामी १० भाइबहिनीको लालनपालनका साथै पढाइ र अन्य खर्च धान्न बा–आमालाई सहज थिएन।

यसकारण पनि जीवनमा केही गरेर परिवारको दैनिकीलाई सहज बनाउने दृढता ममा थियो।’सामान्य पढाइ खर्चसमेत जुटाउन नसक्दा कैयौं पटक आवश्यकतालाई जसोतसो टारेर, रहर मारेर दिन कटाएका कैयौं अनुभव विमला सँग छन्।‘संघर्षले मलाई स्पात बनायो।अनेकन अप्ठ्यारोका बीचबाट पनि मलाई पढाइमा घरपरिवारको साथसहयोग सधैं रहिरह्यो,’ उनी भन्छिन्।सात वर्षअघि देहान्त भएका बाबाको सम्झना गर्दै विमला भन्छिन्, ‘मेरो प्रगतिको एक खम्बा मेरा बा अहिले पनि साथै भइदिएको भए उहाँ कति खुसी हुनुहुन्थ्यो होला?’

स्रोतसाधनले सम्पन्न भएरै मात्र सफलता प्राप्त हुन्छ भन्ने विमलालाई लाग्दैन।‘मैले अधिकृतको तयारी गर्दा काठमाडौंमा केही महिना तयारी कक्षा लिएको बाहेक अरू बेला सबै स्वअध्ययन गरेरै परीक्षा दिएँ,’ उनी भन्छिन्, ‘आफूले गर्छु भनेपछि अरू पनि अनेकन उपाय छन्।तयारी कक्षा नै लिनुपर्छ जस्तो मलाई लाग्दैन। सर्वप्रथम त म सक्छु र म गर्छु भन्ने आत्मविश्वास चाहियो।सँगसँगै लगनशीलता र प्रतिबद्धता पनि चाहियो।’लोक सेवाको तयारीमा लाग्न चाहनेलाई उनी भन्छिन्, ‘एकैपटकमा सफलता आफ्नो पक्षमा नआउन पनि सक्छ।तर धैर्यताका साथ नतिजा प्राप्त नभएसम्म लागिरहनुपर्छ।’

साथै उनले लोक सेवाको तयारी गर्नका लागि पछिल्लो समय विकसित भइरहेको सूचना–प्रविधिको भरपूर प्रयोग गर्न पनि सुझाव दिन्छिन्।‘अहिले त जहाँ बसेर पनि लोक सेवाको तयारी गर्न सकिन्छ।पहिले जस्तो पाठ्यसामग्रीको अभाव हुन र भौतिक रूपमै कक्षा नै लिनुपर्छ भन्ने छैन,’ उनी भन्छिन्।

स्नातक तहसम्म रुकुममै पढेकी विमलाले जनप्रशासन र राजनीतिशास्त्रमा स्नातकोत्तर गरेकी छन् भने अहिले कानुनमा स्नातक पढिरहेकी छन्।‘थाहा पाउने भएदेखि अहिलेसम्म मैले पढ्न कहिल्यै छोडिनँ,’ उनले भनिन्, ‘अझै धेरै पढ्नुछ। अब म सहसचिवको तयारीमा लाग्ने हो।अनि सचिवसम्म भएर निजामती सेवाको नेतृत्व गर्ने मेरो सपना छ।’

साथै विमलालाई नामका अघि ‘डाक्टर’ लगाउने धोको छ।भन्छिन्, ‘म कुनै एउटा विषयमा विशेषज्ञता हासिल गर्न चाहन्छु।अहिले हामी (श्रीमान्–श्रीमती) ले यो बेलामा घरपरिवार र छोराका लागि पनि समय दिइरहेका छौं।तर मैले पढ्न छोडेको छैन यसलाई थप गति दिने कुरामा पनि म योजना बनाउँदै छु।’

# मौलिकता हराएको देउसी भैलो



पछिल्लो समय देउसी भैलो खेल्ने चलन फेरिँदै गएको छ। केही वर्ष पहिलेको देउसी भैलो र अहिलेको देउसी भैलोमा धेरै भिन्नता पाउन थालिएको छ। देउसी भैलो खेल्दा केही वर्ष पहिले देखिने झ्याली, मादल र बाँसुरी अहिलेको समयमा देख्न पाइदैंन।

पछिल्लो समय परम्परागत बाजा मात्रै होइन पुरानो संस्कृति समेत ओझेलमा पर्दै गएको महसुस भएको छ। पहिले तिहार आउँदा गाउँघरमा भएका बुढापाका मिलेर देउसी भैलो खेल्ने गर्थ्यौं, तिहार आएजस्तो हुन्थ्यो।

आज भोली त पहिलेको जस्तो झ्याली मादल बजाएर देउसी भैलो खेल्न छोडे परम्परागत संस्कृतिलाई भुल्दै गएका छन्। अहिले स्पिकरमा बजारमा आएका गीतमा ४/५ मिनेट नाचेको बुढापाकालाई पहिलेको तिहार सम्झिदा त आज भोलीको तिहार निकै फरक लागेको बुढापाकाहरुले बताउछन्। आज भोलीका युवायुवतीहरू आधुनिक परिवेशमा हुर्केर पनि होला पुरानो संस्कृति भुल्दै गएका छन्।

पुराना संस्कृति र परम्परालाई जोगाउन सबैले आफ्नो ठाउँबाट पहल गर्नुपर्ने थियो तर पछिल्लो समय कसैको ध्यान जान सकेको छैन्।

गाउँघरमा तिहार त आएको छ नाच गान भइरहेको छ तर तिहारको महसुस हुन सकेको छैन तर तिहार आएको जस्तो महशुस नहुनुको कारण हो मौलिकता हराउँदै जानु।

तिहारमा देउसी भैलो खेल्दा आफै गीत गाएर नाचौं नाचौं जस्तो हुन्थ्यो भने अहिले बजारिया डीजे र साउन्ड सिस्टमबाट बजारमा आएका गीतमा रमाईलो गर्न थाल्दा मैलिक्ता भने हराउँदै गएको छ।

तिहार भन्दा बाहिरका गीत लोक गीत, पप गीत, आधुनिक गीत र चलचित्र गीतमा समेत देउसी भैलो खेल्ने प्रवृत्ति बढेको कारण पछिल्लो समय मौलिकता हराउँदै गएको छ।

'आहै भन भन भाइ हो देउसिरे ! आहै राम्ररी भन देउसिरे ! यस्तै मिठा मिठा शब्द मिसाएर गरेर भट्याएको र भट्याउथियौं भने गीत पनि हामी आफैले तयार गर्थियौं।

पहिले त हाम्रो पालामा मुखले यसरी नै भट्याएर देउसी भैलो खेलिन्थ्यो।अब मुखले भ्याट्याउने दुःख कसैले गर्दैनन्, एउटा डेग बोक्यो हिंड्यो नाच सकियो, कलाकारहरूले भ्याट्याएकोलाई बजाइदियो र आफूहरूले ताली पटकाएर देउसिरे,भैलीरे भन्यो पुग्यो।

कला संस्कृति जोगाउने भन्दा पनि कसले कति कमाउने भन्ने प्रतिस्पर्धा हुन थालेको छ।"अहिले त धेरै पाँच सय देखि तीन हजार पैत्तिस सय बराबर रुपैया दिएको देखिन्छ।कसैले केही सामाजिक काम गरेको देखिदैन र समूह,युवा क्लबको नाममा देउसी भैलो खेल्ने र दान स्वरुप दिएको रकम, मेला,महोत्सव तथा रमाइलो गरेर खर्च गर्ने काम भइरहेको छ"।मौलिकतालाई जोगाइ राख्न पछिल्लो पुस्ताले यसमा जोड दिनुपर्ने पर्छ।

यसले गर्दा एकातर्फ मौलिकता बचाइराख्न सकिने र अर्को तर्फ देउसी भैलोमा मादल, डमरु, बाँसुरी लगायतका सामग्री प्रयोग गर्दा ती सामग्री बनाउने व्यवसायको पनि प्रवर्द्धन र परम्परागत संस्कृति बिर्सिदैं जाने हो भने पछि आउने पुस्तालाई यसको कुनै पनि महत्त्व नहुने र परम्परागत संस्कृति मासिने भएकोले परम्परागत संस्कृतिलाई जोगाउन र यसको प्रवर्द्धन गर्न गाउँ समाजका साथै स्थानीय सरकारले पनि चासो दिनुपर्ने स्थानीयहरुको बुझाई छ।

# पशुपालन व्यवसायमा : राज्य र किसानले बुझ्नुपर्ने

हाल नेपालमा पशुपालन को ठुलो हिस्सा परम्परागत रुपमै रहेको छ।पशुपालनलाई धेरै नेपालीहरुले जिवन निर्वाह पेशाको रुपमा मात्रै अपनाएको पाइन्छ।तर पछिल्लो समयमा नयाँ पुस्ताका केहि नेपालीले पशुपालनलाई मुख्य व्यवसायको रुपमा अगाडि सार्ने गरेका छन्। कृषिमा आत्मनिर्भर बन्नका लागि वा देशमा औद्योगिक वातावरण सिर्जना गर्नका लागि पशुपालनमा पनि नयाँ सोंच आउन जरुरी छ। पछिल्लो पुस्ताले पशुपालनलाई एउटा व्यवसायको रुपमा अगाडि सार्नु पशुपालनको क्षेत्रमा आशालाग्दो र महत्वपुर्ण विषय हो।

**घाँसमुखी पशुपालन**

औसत रुपमा हेर्दा परम्परागत वा आधुनिक पशुपालनमा घाँसमुखी पशुपालनलाई कम महत्व दिएको पाइन्छ।मुख्यतया पशुपालन व्यवसायमा लागतको ठुलो हिस्सा करिब ७० प्रतिशत आहारमा खर्च हुने गर्छ।त्यस कारण पशुपालन व्यववसाय गर्दा आहार व्यवस्थापन नै महत्वपुर्ण रहेको हुन्छ।अहिले पशुपालन व्यवसायमा देखिएको मुख्य समस्या भनेको नै आहार लागत धेरै हुनु हो।पशुहरुको आहार लागतलाई घटाउने धेरै तरिकाहरु रहेका छन्। जसलाई अपनाउन सकिएमा पशुपालन व्यवसाय मार्फत पनि मनग्गे नाफा आर्जन गर्न सकिन्छ।नेपालको अधिकांश भुगोलमा वर्षा मौसममा हरियो घाँस बढि हुने र हिउँद मौसमा घाँसको नै कमि हुने अवस्था देखिन्छ । हामीले सबै मौसममा घाँस बढि उत्पादन गर्नको लागि के विकल्पहरु अपनाउन सकिन्छ त्यस कुरामा ध्यान आवश्यक हुन्छ।जसको लागि खेर गएको वा बाँझो रहेको जमिनलाई समुचित प्रयोग गरि माटो र मौसम अनुकुलको घाँस रोप्ने कार्यक्रमलाई अगाडि बढाउनु पर्दछ।

धेरै क्षेत्रफलमा भएको वा धेरै मात्रामा घाँस भएतापनि धेरै घाँसमा न्युन मात्रामा प्रोटिन पाइने हुनाले पशुपालनबाट राम्रो फाइदा लिन सकिएको पाइँदैन्।त्यसैले कम्तिमा १० प्रतिशत प्रोटिन पाइने घाँसको जात रोजेर घाँसको खेति गर्नुपर्दछ।प्रोटिन धेरै पाइने घाँसहरुमा सुपर नेपियर, स्टाइलो, ज्वाइन्ट भेच, बर्षिम, लुसन, निमारो, राइखनियो, बदामे, जै, कोल्भर लगाएतका घाँसहरु पर्दछन्।हामीले वर्षा याममा बढि उत्पादन हुने हरियो घाँसलाई हे अथवा साइलेज बनाएर प्रयोग गर्न सकेमा धेरै समयसम्म पशुहरुलाई पोषिलो

घाँस उपलब्ध गराउन सकिन्छ। घाँस रोप्दा कोशे घाँस र कोशा नभएको घाँसलाई मिलाएर रोप्न सकियो भने पशुहरुलाई आवश्यक पौष्टिक आहार उपलब्ध गराउन सकिन्छ।

**दानाको कच्चा पदार्थको स्रोत व्यवस्थापन**

हाम्रो मुलुकमा नै पशुपालनको लागि दाना निर्माण गर्ने कच्चा पदार्थको उपलब्धता नै कमि रहेको छ। पशुपंक्षी पालनको लागि चाहिने दानाको धेरै कच्चा पदार्थमा हामी विदेशी आयातको भर पर्नुपरेको यथार्थ हाम्रा सामु छ। जसले गर्दा अधिकांश प्रकृतिका दानाहरु उपभोगमा महंगो पर्ने गरेको छ। राज्यले दाना निर्माण क्षेत्रमा चासो नदेखाउँदा र निजी क्षेत्रको एकाधिकार हुँदा पनि अनावश्यक रुपमा महंगो हुन गएको देखिन्छ। लागत धेरै भएका कारणले पनि पशुपालन व्यवसायको शुरुवात गरेका धेरै लगानिकर्ताहरुले बीचमा नै व्यवसाय छोडेर हिंड्ने गरेका छन्। जस्तै :धेरै कुखुरा पालन गर्ने किसानहरुलाई उदाहरणको रुपमा हेर्न सकिन्छ। त्यसैले पशुपालन व्यवसाय गर्दा घाँस बाहेक दाना पनि अति महत्वपुर्ण विषय भएकाले दानाको कच्चा पदार्थको व्यवस्थापनलाई ध्यान दिन जरुरी जरुरी हुन्छ। सकेसम्म स्थानिय स्तरबाट उन्नत प्रकृतिका कच्चापदार्थ जुटाएर दाना निर्माण गर्न सकिएमा सस्तो र दिगो व्यवस्थापन हुन सक्छ।

पशुपालन क्षेत्रलाई आधुनिकिकरण गर्दै विकास गर्ने सन्दर्भमा सरकारले दानाको उत्पादन र कच्चा पदार्थको व्यवस्थापनमा सहभागिता जनाउन आवश्यक देखिन्छ।

**उन्नत नश्लको पशुको व्यवस्था**

अहिले हामीकहाँ उन्नत जातका उत्पादनशिल पशुपालनको तथ्यांक हेर्ने हो भने जम्मा ५ प्रतिशतको हाराहारीमा रहेको पाइन्छ। कम उत्पादनशिल पशुपालनको कारणले धेरै किसानहरुले उत्पादनमा समस्या भोग्नुपरेको अवस्था छ। जस्तैः स्थानिय भैंसीको वार्षिक दुध उत्पादन क्षमता औसतमा १ हजार लिटर रहेको छ भने स्थानिय गाईको प्रति बेत दुध उत्पादन क्षमता २ सय ८० लिटर मात्रै रहेको छ। त्यस्तै विदेशमा पालन गरिरहेका जर्सी गाईले प्रतिवेत ६ हजार लिटर दुध दिने क्षमता राख्छन भने नेपालमा पालिएका जर्सी गाईले मात्रै ३ हजार लिटर दुध दिने गरेको पाइन्छ। त्यसैले पशुपालन व्यवसाय गर्दा उन्नत जातको पशुको व्यवस्था गर्न सकिएमा मात्रै उचित मुनाफा आर्जन गर्न सकिन्छ। सरकारको तर्फबाट मुलुकभर पालन अवस्थामा रहेका पशुहरुको अवस्थाको अध्ययन एवं अनुसन्धान गर्न आवश्यक रहेको देखिन्छ। कुन पशुको स्थानिय हावापानी अनुकुलन ढंगले उन्नत विकास गर्न सकिन्छ र कुन पशुको सकिंदैन्।

राज्यले पशुपालनमा अनुसन्धानको विषयलाई प्राथमिकतामा राखेर कार्यक्रम अगाडि बढाएको पाईंदैन। पशुजन्य उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउन वा यसलाई उत्कृष्ट व्यवसायको रुपमा विकास गर्न सरकारले पशु अनुसन्धानको विषयलाई प्राथमिकताका साथ अगाडि बढाउन जरुरी छ।

**सहुलियत ऋणको व्यवस्था**

अहिले कृषि व्यवसाय क्षेत्रका लगानीकर्ताहरुलाई बैंकबाट ऋण प्राप्त गर्ने कुरा निकै समस्याको विषय बन्ने गरेको पाइन्छ, अझ सहुलियत ऋण प्राप्त गर्ने कुरा त झनै कठिन छ। साहु महाजनबाट ऋण लिएर कृषी क्षेत्रमा लगानी गर्ने कुराले मुनाफा आर्जन गर्न सकिंदैन। सहकारीहरुबाट ऋण लिंदा ब्याज धेरै पर्न जान्छ। विकास बैंक र बाणिज्य बैंकहरुले किसानहरुसँग माग्ने धितोको कारणले ग्रामिण क्षेत्रका किसानहरुले ति बैंकबाट आवश्यकता अनुसार ऋण प्राप्त गर्न सक्दैनन्। अहिले सरकारले बैंकहरुलाई कम्तिमा १५ प्रतिशत कर्जा कृषि क्षेत्रमा लगानी गर्नुपर्ने नीति निर्धारण गरेको छ। सरकारले कृषिमा आधुनिकिकरण गर्न वा स्वदेशी उत्पादनमा वृद्धि गर्नको लागि बढिमा ३ प्रतिशत ब्याजमा व्यवसायिक योजनाको आधारमा ऋण प्रवाह गर्ने सरल व्यवस्था गर्नेतर्फ आवश्यक नीति तथा कार्यक्रमको व्यवस्था गर्नुपर्छ। अहिले विदेशबाट फर्किएका धेरै यूवाहरु कृषि क्षेत्रमा लगानी आकर्षित भएको देखिन्छ र उनिहरुले आँफुसँग भएको पुंजी पनि लगानी गरेको देखिन्छ। उनिहरुलाई निरन्तर कृषि पेशमा थेग्न र नयाँ युवाहरुलाई कृषी पेशामा आकर्शित गर्नको लागि सरकारले समयमा नै तदारुकता देखाउन आवश्यक छ। किसानहरुले व्यवसायको शुरु गर्दा लगानीको विषयलाई विशेष ख्याल गर्नुपर्ने हुन्छ।

**बिमाको व्यवस्था**

सरकारले पशु बिमा कार्यक्रममा ७५ प्रतिशत अनुदानको व्यवस्थ गरको छ। तर बिमा कम्पनीहरु किसानहरुमा बिमा जागरुगकता गराउन ग्रामिण क्षेत्रमा गएको पाईंदैन्। त्यसैले सरकारले बिमा कम्पनीहरुलाई किसानहरुको सहज पहुँचमा पुग्नको लागि आवश्यक नीति तथा कार्यक्रमको तर्जुमा गर्नुपर्ने देखिन्छ। धेरै किसानहरुले क्षति पश्चात बिमा बापत पाउनुपर्ने रकम बुझ्न निकै कठिन भएको देखिन्छ यसमा सरकारको ध्यान जान जरुरी देखिन्छ। कुनैपनि पशुपंक्षीपालन व्यवसाय अति जोखिमयुक्त व्यवसाय हो त्यसैले किसानहरुले सो व्यवसाय थालनी गर्दा अनिवार्य बिमाको विषयलाई ख्याल गर्नुपर्छ।

**दक्ष प्राविधिक तथा कामदारको व्यवस्था**

कुनैपनि पेशा वा व्यवसाय सञ्चालन गर्दा चाहिने अनिवार्य विषय श्रम हो। अथाह बेरोजगारका बाबजुद पनि हाम्रो देशमा कृषी क्षेत्रमा काम गर्ने कामदारको अभाव रहेको रहेको छ। कृषी तथा पशुपालन क्षेत्रमा काम गर्ने कामदारलाई समाजले सम्मानित रुपमा नहेर्ने हुँदा ति कामदारले सम्मानपुर्वक पेशलाई लिएको पाईंदैन्। दक्ष जनशक्तिको अभावमा कृत्रिम गर्भाधान, भ्रुण प्रत्यारोपण, अप्रेसन, रोग निदान लगाएतका कार्यको निमित्त ग्रामिण क्षेत्रमा पहुँच पुग्न सकेको छैनज्। सरकारले कृषि तथा पशुपालन क्षेत्रमा काम गर्ने दक्ष कामदार उत्पादन गर्ने छोटो तथा प्रभावकारी तालिमहरु सञ्चालन गर्न आवश्यक रहेको देखिन्छ। किसानहरुले पशुपालन व्यवसाय गर्दा त्यसको आवश्यकता अनुसार कामदारको सम्भावनालाई पनि ख्याल गर्नुपर्दछ।

**जमिनको व्यवस्था**

पशुपालन व्यवसायको लागि पहिलो अनिवार्य सर्त भुमि हो। अझ अन्य व्यवसायको तुलनामा पशुपालन व्यवसायलार्य सहज, सुलभ र सस्तो जमिनको आवश्यकता पर्दछ। अहिले देशका अधिकांश जनता कृषिमा आश्रित रहेको भनिएतापनि जमिनमाथि टुक्रे स्वामित्वको कारणले कृषि तथा पशुपालन क्षेत्रले व्यवसायीक स्वरुप लिनमा कठिन भएको छ।

त्यसैले स्थानिय सरकारले चक्लाबन्दीमा किसानहरुलाई प्रोत्साहन दिएर एक गाउँ एक उत्पादनको वातावरण निर्माण गर्नुपर्छ। सरकारले आवश्यक सहयोगको शुरुवात गरिनसकेको अवस्थामा किसानहरुले एक आपसमा मिलेर आवश्यक अनुसारको जमिन व्यवस्थापन गर्ने वातवारण मिलाउनु पर्दछ।

**बजारको व्यवस्था**

पशुपालन व्यवसायको लागि एउटा महत्वपुर्ण विषय त्यसको बजारिकरण पनि हो। हाम्रो मुलुक चामल, दाल देखि हरेक कुरामा परनिर्भर छ। तरपनि हामीकहाँ उत्पादित वस्तुभाउले भने सहज बजार नपाउने अवस्था हामीले देखिरहेका छौं। यसको महत्वपुर्ण कारण भनेको उचित व्यवस्थापन नहुनु नै हो। अबको अवस्थामा स्थानिय सरकारहरुले स्थानिय उत्पादनलाई सहकारीको माध्यमबाट सुनिश्चित बिक्रीको प्रवन्ध मिलाउनु पर्दछ। यसो गर्दा उत्पादनको दिगो बिक्री र व्यवस्थापन गर्न सकिन्छ।

**मुल्य निर्धारण**

पशुपालन गर्दा समय र खाद्धान्नमा बढि लागत हुने गर्छ। तर बजारमा वस्तुको उत्पादन लागतको आधारमा न्युनतम मुल्य तोक्ने व्यवस्था हुन सकेको छैन्। किसानहरुको उत्पादनमा बिचौलियाहरुले मुल्य तोक्ने

अवस्था रहेकोले किसानहरुले आफ्नो उत्पादनमा उचित मुल्य पाउन सकेका छैनन्।सरकारले पशुपालन व्यवसायीहरुलाई मुल्य श्रृंखलामा शमावेश गराएर न्युनतम मुल्य निर्धारण गर्ने पद्दतीको विकास गर्न आवश्यक देखिन्छ। व्यवसायीहरुले आफ्नो लागत अनुसारको बजार मुल्य प्राप्त गर्ने दिगो अवस्था कायम भएमा मात्रै व्यवसायमा प्रोत्साहन मिल्ने र व्यवसायी पनि सफल हुने अवस्थाको सिर्जना हुनपुग्छ।

**कर्मचारीतन्त्रमा सुधारको आवश्यकता**

पशुपालन तथा कृषी क्षेत्रमा सेवा दिने निकायहरु व्यवसायीहरुलाई प्रोत्साहन गर्ने खालको कार्यक्रम लिएर ग्रामिण क्षेत्रमा पुगेको पाईंदैन।जबसम्म पशुपालन गर्ने व्यवसायीको गोठमा नै पुगेर सेवा दिने व्यवस्था कायम गर्न सकिंदैन व्यवसायीक किसानहरु प्रोत्साहित बन्न सक्दैनन्।सरकारी क्षेत्रबाट गोठमा नै पुगेर कृत्रिम गर्भादान, उपचार, रोग निदान, आहार विकास, पुरस्कार, अनुदान तथा ऋणको प्रस्ताव लेखन जस्ता कार्यलाई सहयोग गर्ने वातावरणको सिर्जना हुन जरुरी छ।

**यान्त्रिकीरण र अनुदानमा राज्यको भुमिका**

पहिलो, पशुपालन तथा कृषी व्यवसायमा भौगोलिक विविधताको कारणले नेपालको सबै भुगोलमा समान प्रकारका यन्त्रहरुको प्रयोग गर्न नसकिने अवस्था रहेको छ।

दोस्रो, व्यवसायीक किसानहरुले अनिवार्य रुपमा प्रयोग गर्न पर्ने उपकरहरुको मुल्य मुल्य अन्तराष्ट्रिय बजारको तुलनामा महंगो हुनेगरेको छ।नेपाल सरकारले पशुपालन तथा कृषी क्षेत्रमा प्रयोग हुने यन्त्रहरुलाई शुन्य भन्सारमा आयात गरेर उत्पादनमुलक व्यवसायमा लाग्ने किसानहरुलाई व्यवसाय विकासको लागि सहयोग गर्नुपर्दछ।

पछिल्लो समयमा कृषी अनुदानलाई हेर्ने दृष्टिकोण नकरात्मक हुँदै गएको छ।कतिपय व्याक्तिहरुले अनुदानमुखी फर्म स्थापना गर्ने र अनुदान मात्रै प्राप्त गर्ने तरिका अबलम्बन गर्ने गरेकाले यो विषयमा नकरात्मक धारणा विकास भएको हो। सो कुरालाई ख्याल गर्दै सरकार र अन्य अनुदान दाताहरुले उत्पादनका आधारमा किस्ताबन्दीमा अनुदान दिने व्यवस्था लागु गर्नुपर्ने देखिन्छ।जसले गर्दा वास्तविक व्यवसायीक किसानहरुले अनुदान प्राप्त गर्ने र व्यवसायको विकास हुने सम्भावना रहन्छ।पशुपालनको क्षेत्रमा बिमामा अनुदान, दुधको उत्पादनमा अनुदान र मासुको उत्पादनमा अनुदान दिने बैज्ञानिक व्यवस्था लागु गर्नुपर्ने देखिन्छ।